# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, मंसीर ५ गते २०४६ साल (संख्या ३१

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) तथा विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी अमृत क्याम्पसका बिशुनध्वज कार्कीसमेतका २ जवान विद्यार्थीहरूले साइकलद्वारा एशियाली मुलुकहरूको शान्तियात्रा गर्नका लागि एवान प्रा. लि. सिंगापुरले निजहरूलाई उपहारस्वरूप प्रदान गरेको निम्नबमोजिमका सामानहरूको आयातमा लाग्ने भन्सार महशूल तथा विक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सामानको विवरण |
|---|---|
| १. | बाइसाइकल– ३ थान |
| २. | बाइसाइकल ब्याग– ४ थान |
| ३. | हेलमेट र पञ्जा– १।१ जोर |
| ४. | लुब्रिकेन्ट टूल बक्स– १ सेट |
| ५. | क्यामेरा फिल्मसहित– १ |
| ६. | बाइनाकुलर– १ |
| ७. | वाकम्यान– १ |

आज्ञाले,

शशिनारायण शाह

श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (३) को प्रयोजनको लागि खण्ड ३७, संख्या ३९, मिति २०४४।१०।४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको खण्ड (च) को क्रमसंख्या (१३) पछि देहायबमोजिमको क्रमसंख्या (१४) थप गरेको छ।

"(१४) कार्पेट उद्योगले प्रयोग गर्ने ऊनी धागो उत्पादन गर्ने उद्योग।"

आज्ञाले,
भुवनेश्वर खत्री
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९४